मितिः २०७५/११/१३

# प्रेस विज्ञप्ति

नेपाल सरकारद्धारा चालु आर्थिक वर्ष २०७५/७६ देखि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत **प्रधानमन्त्री रोजगार कार्यक्रम प्रारम्भ भएको छ ।** यो कार्यक्रम संचालन गर्न प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरिएको र सो केन्द्रमा कामकाज गर्नको लागि ७५३ जना रोजगार संयोजक करारमा भर्ना गर्ने क्रममा २०७५ माघ ४ गते विज्ञापन भएको थियो । यसका लागि नेपाल सरकार, मन्त्रिपरिषद्द्धारा स्वीकृत रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ मा भएको व्यवस्था बमोजिम २०७५ माघ १८ गते सम्म प्राप्त भएका २३,९६८ आवेदनहरूमध्ये २,२६५ जना उम्मेदवारहरू प्रारम्भिक योग्यताक्रममा छानिएका थिए । यसरी प्रारम्भिक योग्यताक्रममा छानिएका उम्मेदवारहरुको २०७५ फागुन ११ र १२ गते अन्तिम छनौटका लागि अनलाईन प्रणालीमा आधारित कम्प्युटर सीप परीक्षणको परीक्षा लिईएको थियो । सो परीक्षामा उत्तिर्ण हुन ५० पूर्णाङ्कमा कम्तीमा २५ अंक प्राप्त गर्नु पर्ने व्यवस्था छ प्रदेशगत रूपमा रोजगार संयोजकको पदको माग संख्या, आवेदकको संख्या, प्रारम्भिक सूचीमा समावेश संख्या, कम्प्युटर सीप परिक्षणको परीक्षामा सहभागी संख्या र छनौट भएका रोजगार संयोजकहरूको संख्या देहाय बमोजिम रहेको छः

| प्रदेश | रोजगार संयोजकको पद | माग पद संख्या | प्रारम्भिक सूचीमा समावेश संख्या | कम्प्युटर सीप परीक्षण परीक्षामा सहभागी संख्या | ५० पूर्णाङ्कमा कम्तीमा २५ अंक प्राप्त गरी छनौट भएका उम्मेदवारको संख्या |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | शा अ सरह | १३० | ३९० | ३२३ | ६७ |
| | ना सु सरह | ७ | २१ | ८ | ५ |
| प्रदेश नं. २ | शा अ सरह | १३६ | ४०९ | ३४४ | ९८ |
| प्रदेश नं. ३ | शा अ सरह | ११२ | ३३७ | २९० | ९५ |
| | ना सु सरह | ७ | २२ | १४ | ७ |
| गण्डकी प्रदेश | शा अ सरह | ७४ | २२३ | १७४ | ६१ |
| | ना सु सरह | ११ | ३३ | २५ | ११ |
| प्रदेश नं. ५ | शा अ सरह | १०९ | ३२७ | २७२ | १०९ |
| कर्णाली प्रदेश | शा अ सरह | ६२ | १८६ | १५९ | २० |
| | ना सु सरह | १७ | ५२ | ३८ | ९ |
| सुदुरपश्चिम प्रदेश | शा अ सरह | ८२ | २४७ | २०७ | ३३ |
| | ना सु सरह | ६ | १८ | १४ | ६ |
| जम्मा | | ७५३ | २२६५ | १८६८ | ५२१ |

योग्य र सीपयुक्त कर्मचारीलाई शतप्रतिशत निष्पक्ष र पारदर्शी तरिकाले भर्ना गर्नको लागि पहिलो पटक पूर्णतः विद्युतीय भर्ना प्रणाली (E-Recruitment System) अवलम्बन गरिएको यस रोजगार संयोजकको छनौटका लागि यस मन्त्रालयका सचिवको संयोजकत्वमा लोक सेवा आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरूको प्रतिनिधित्व भएको एउटा पदपूर्ति निर्देशक समितिको गठन गरिएको थियो । त्यसैगरी प्रदेशगत रूपमा आवेदन माग गरिएकोले सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालयका सचिवज्यूहरूको संयोजकत्वमा मापदण्ड बमोजिमको प्रदेशगत छनौट समिति समेत गठन गरी छनौट प्रक्रिया सम्पन्न गरिएको थियो ।

अन्तिम छनौटमा परेका उम्मेदवारहरूलाई योग्यताक्रम अनुरूप आफुले रोजेको स्थानीय तहमा काम गर्ने छनौटको अवसर दिई सात दिनभित्र करार सम्झौता गरी तोकिए बमोजिमको जिम्मेवारी बहन गर्न सम्बन्धित स्थानीय तह (नगरपालिका/गाँउपालिका) मा खटाईने व्यवस्था मिलाईएको छ ।छनौट भएका उम्मेदवारहरूले शिघ्र यस मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रममा सम्पर्क राख्नु हुन जानकारी गराईएको छ । विद्युतीय भर्ना प्रणालीबाट छनौट भएका तथा अन्य प्रतिस्प्रर्धी उम्मेदवारहरूले प्राप्त गरेको अंक देखिने गरी विस्तृत जानकारीको विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा उपलब्ध गराईएको छ ।